# चौविसे गाउँपालिका

## धनकुटा

# चौविसे राजपत्र

खण्ड-५, संख्या-३, मिति : २०७८-०८-२२

## भाग-२

## चौविसे गान सम्वन्धी कार्यविधि- २०७८

चौविसे गाउँपालिकाको स्थानीय पर्यटन, संस्कृति, ईतिहास, भौगोलिक पहिचान झल्किने विभिन्न औपचारिक कार्यक्रमहरुमा चौविसे गानको प्रयोग गर्न र व्यवस्थापनका लागि चौविसे गान सम्वन्धी कार्यविधि  वनाउन वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौविसे गाउँ कार्यपालिकाको मिति २०७८।०८। गते वसेको वैठकको निर्णय वमोजिम यो कार्यविधि वनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "चौविसे गान सम्वन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले "चौविसे गान सम्वन्धी कार्यविधि, २०७८" सम्झनुपर्छ ।

(ख) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत वनेको वा तोकिए वमोजिम सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले चौविसे गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले यस चौविसे गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "विज्ञ समिति" भन्नाले यस कार्यविधी वमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(च) "व्यवस्थापन तथा कार्यान्वयन" भन्नाले गाउँपालिकाले गर्ने सम्झनुपर्छ ।

## परिच्छेद -२
## चौविसे गान रचना तथा मापदण्ड

३. रचनामा समेटिनुपर्ने विषयवस्तु : (१) चौविसे गान रचना गर्दा चौविसे क्षेत्रको पर्यटन, धार्मिक, संस्कृति, भुगोल, इतिहास, साहित्य इत्यादी समेटिएको परिचयात्मक किसमिको हुनुपर्नेछ ।

(२) चौविसे गान रचनाको लागि गाउँपालिकाले निश्चित समयावधी तोकेर आह्वान गर्नेछ ।

(३) चौविसे गानको रचना जुनसुकै क्षेत्रको व्यक्तिले गर्न पाएता पनि चौविसे भित्रकै रचनाकारलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

## परिच्छेद -३
## विषयविज्ञ समिति

४. विषयविज्ञ तथा सिफारिस समितिः (१) दफा ३ बमोजिम आएको रचना छनौटको लागि विषयविज्ञ समिति रहनेछ ।

(२) चौविसे गान रचना छनोटका लागि गाउँ कार्यपालिका सदस्यमध्ये एकजना सदस्यको संयोजकत्वमा देहाय बमजेजिमका चौविसे गाना छनौट समिति रहनेछन :-

(क) गाउँ कार्यपालिकामध्ये एक जना सदस्य - संयोजक

(ख) गाउँ शिक्षा समिति मध्ये बाट एक जना - सदस्य

(ग) राष्ट्रिय कलाकारमध्येबाट एक जना - सदस्य

(घ) गायन कलाकारमध्येबाट एक जना - सदस्य

(ङ) साहित्य विधाका व्यक्ति एक जना - सदस्य

(च) भुगोल, पर्यटन तथा संस्कृति अध्ययनरत व्यक्तिबाट एकजना- सदस्य

(छ) कार्यालयको कर्मचारीमध्येबाट एकजना - सदस्य सचिव

५. राष्ट्रिय कलाकार आमन्त्रण गर्ने : (१) विषयविज्ञ समितिद्वारा छनोट भएको चौविसे गानलाई संगीत सहित गान बनाउन र आवश्यक प्रक्रिया सहयोग लिन राष्ट्रिय कलाकार आमन्त्रण गर्न सकिनेछ ।

(२) राष्ट्रिय कलाकारको सहयोगमा चौविसे गानलाई पुर्णता दिइनेछ ।

## परिच्छेद - ४
## विविध

६. अनुगमन : यस कार्यविधि बमोजिम कामकारवाहीको नियमित तथा आकस्मिक अनुगमन गाउँ कार्यपालिकाले गर्नेछ ।

७. स्वीकृत गर्ने : चौविसे गानलाई कार्यपालिका मार्फत स्वीकृत गरी गाउँसभाबाट पास गर्नुपर्नेछ ।

८. **चौबिसे गानको प्रयोग:** (१) चौविसे गाउँपालिकाको औपचारिक तथा विशेष समारोह र नेपाल सरकारका कुनै पनि निकाय वा कार्यालय, विद्यालयहरुमा, खेलकुद कार्यक्रम आदिमा राष्ट्रिय गान पछि चौविसे गान अनिवार्य प्रयोग गर्नुपर्नेछ ।

(२) चौविसे गानको अपमान हुने गरी र असान्दर्भिक तवरले प्रयोग गर्न निषेध गरिएको छ ।

९. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. **बचाउ :** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्य कुरामा प्रचलित कानून वमोजिम हुनेछ ।

---

प्रमाणीकरण मिति : २०७८/०८/२२

आज्ञाले
पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत
चौविसे गाउँपालिका

सर्वाधिकार : चौविसे गाउँपालिका, धनकुटा
मुद्रित संख्या : १० प्रति